दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १५७ | बुटवल | २०८३ जेठ २५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday Jun 08, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## लिपुलेकबारे नेपाललाई नसोधी भारत र चीनले सहमति गर्न सक्दैनन् : परराष्ट्रमन्त्री




बुटवल । परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल र भारतबिचको सीमा समस्याको समाधान द्वीपक्षीय रूपमा नै खोज्नुपर्ने टिप्पणी गरेका छन् । भारत भ्रमणमा रहेका खनालले त्यहाँका सञ्चारकर्मीहरूसँगको कुराकानीमा स्पष्ट शब्दमा लिपुलेक-को लिम्पियाधुराको भूमि नेपालको भएकाले भारत र चीनले आफूखुशी सहमति गर्न नपाउने बताए ।

दिल्लीस्थित नेपाली दूतावासमा आयोजित पत्रकार सम्मेलनमा दर्जनौं भारतीय मिडियाका पत्रकारहरु उपस्थित थिए । उनीहरुले नेपालका प्रधानन्त्री बालेन्द्र शाहले भारतसँगको सीमा समस्याबारे बेलायतको सहयोग खोजिरहेको भनि दिएको अभिव्यक्तिका बारेमा सोधे । जवाफमा खनालले प्रधानमन्त्रीले मध्यस्थताको कुरा नगरेको प्रष्ट पारेका हुन् ।

उनले भने-'तपाईंलाई थाहा नै छ, नेपालले विगत केही वर्षदेखि हाम्रो भूमिमाथिको दाबीका सम्बन्धमा कूटनीतिक नोटहरू पठाउँदै आएको छ । भारत र चीनबिच सम्झौता भएको हुनाले हामीले आधिकारिक रूपमा दुवै देशलाई कूटनीतिक नोटमार्फत् हाम्रो धारणा व्यक्त गरेका छौं । त्यसैले, त्यस परिप्रेक्ष्यमा हामीले दुवै देशलाई स्पष्ट रूपमा भनेका छौं कि त्यो भूमि हाम्रो हो । यो हाम्रो ऐतिहासिक दाबी हो । हाम्रा प्रधानमन्त्रीले पनि त्यही भावनाका साथ बोल्नुभएको हो ।'

खनालले नेपाल र भारतीबिचमा धेरै सीमा विवादहरू लामो ऐतिहासिक विरासतका हिस्सा भएको उल्लेख गरे । विशेष गरी नेपाल-भारत सीमा १८१६ को सुगौली सन्धिबाट आएको पनि उनले प्रष्ट्याए ।

उनले थपे-'जब हामी वार्ताको टेबुलमा बस्छौं, जुन प्रधानमन्त्रीले धेरै स्पष्ट रूपमा भन्नुभएको छ- यसलाई दुई पक्षबिच वार्ता र कूटनीतिक संयन्त्रमार्फत समाधान गरिनेछ । हामी हाम्रा विवादहरू कूटनीतिक प्रक्रियाबाटै समाधान गर्न चाहन्छौं । स्पष्ट छ, जब हामीलाई ऐतिहासिक प्रमाण चाहिन्छ, हामी बेलायतका पुस्तकालय वा संग्रहालयहरूमा हुन सक्ने केही कागजातहरूमा पहुँच चाहन्छौं । तर, हाम्रो अडान मध्यस्थताका लागि अनुरोध गर्ने थिएन । तपाईंले प्रधानमन्त्रीले संसदमा भन्नुभएको कुरा सुन्नुभयो भने उहाँले धेरै स्पष्ट र विशिष्ट रूपमा भन्नुभएको छ कि हामी एकअर्कासँग कुरा गरेर कूटनीतिक च्यानलमार्फत हाम्रो सीमा विवाद समाधान गर्न चाहन्छौं । यो नेपालको ऐतिहासिक अडान पनि हो र हाम्रो वर्तमान अडान पनि यही हो ।'

पत्रकारले इपीजीको प्रतिवेदन राखिएको दराजको साँचो बुझेको सन्दर्भमा के सरकारले यसर्लाइ सार्वजनिक गर्न खोजेको हो ? भनेर पनि सोधेका थिए । जवाफमा खनालले अहिले नै यस्तो आशय नरहेको बताए ।

उनले भने-'इपीजी दुई देशका प्रधानमन्त्रीहरूको सहमतिमा गठन गरिएको थियो र यो प्रतिवेदन दुई प्रधानमन्त्रीहरूलाई मात्र बुझाउन सकिन्छ । त्यसैले, त्यो सार्वजनिक गर्ने, स्वीकार गर्ने वा केही गर्ने मसँग कुनै अधिकार छैन । यदि कहिल्यै त्यस्तो सहमति भयो भने, त्यो सोही संयन्त्रमार्फत् नै हुनेछ ।' भारतीय पक्षसँगको भेटवार्तामा द्विपक्षीय सम्बन्धका समग्र पक्षबारे छलफल भएको परराष्ट्रमन्त्री खनालले जानकारी दिए ।

'तपाईंलाई थाहा नै छ, यो मेरो पहिलो भ्रमण हो । हाम्रो सरकार बनेको पनि दुई महिनाभन्दा थोरै बढी मात्र भएको छ, त्यसैले यो एउटा पहिलो भ्रमण हो जहाँ हामी द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा गरिरहेका छौं । फेरि पनि, दुवै पक्षको जोड सबै बाँकी रहेका मुद्दाहरूलाई संवाद र कूटनीतिक वार्तामार्फत समाधान गर्ने नै हो ।'- उनले भने ।

» बाँकी ३ पेजमा

# फर्जी विद्यार्थी भर्ना गरी १५ लाख असुली

**सरकारले गुणस्तरीय शिक्षा सुधारका लागि करोडौं रुपैयाँ विद्यालयमा पठाइरहेको बेला विद्यार्थी संख्या नै नपुग्ने विद्यालयलाई बढी अनुदान वितरण हुनु गम्भीर प्रशासनिक कमजोरी हो । अझ विद्यार्थी संख्या सत्यापन गर्ने निकायले अनुगमनपछि पनि त्रुटिपूर्ण निर्णय गरेको देखिनु झन् चिन्ताजनक विषय बनेको छ ।**

**लवकुमार अधिकारी**
*प्यूठान*




शिक्षा क्षेत्रमा सुधार र गुणस्तर अभिवृद्धिका नाममा आउने सरकारी अनुदानको दुरुपयोग माण्डवी गाउँपालिकामा देखिएको छ । विद्यार्थी संख्या नै नपुग्ने विद्यालयलाई बढी अनुदान वितरण गरिएपछि १५ लाख रुपैयाँ बेरुजु देखिएको हो ।

माण्डवी गाउँपालिका-३, नयाँगाउँ स्थित माण्डवी माध्यमिक विद्यालयलाई नमूना विद्यालय कार्यक्रमअन्तर्गत ४५ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको थियो । आर्थिक वर्ष २०८१/८२ को महालेखाको लेखापरीक्षण प्रतिवेदनमा विद्यालयमा आवश्यक विद्यार्थी संख्या नपुगेको भेटिएपछि १५ लाख रुपैयाँ नियमविपरीत वितरण भएको औंल्याएको छ ।

**विद्यार्थी ८ सय ८९ अनुदान ४५ लाख**

नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन कार्यविधि २०८१/८२ अनुसार १ हजार जनासम्म विद्यार्थी भएका विद्यालयले ३० लाख रुपैयाँ अनुदान पाउने व्यवस्था छ । १ हजार १ देखि २ हजार ५ सय विद्यार्थी भए ४५ लाख र २ हजार ५ सयभन्दा बढी विद्यार्थी भए ६० लाख रुपैयाँ अनुदान प्राप्त गर्न सक्ने प्रावधान छ । तर पालिकाको शिक्षा शाखाबाट प्राप्त IEMIS तथ्यांकअनुसार माण्डवी माध्यमिक विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म जम्मा ८ सय ८९ विद्यार्थी मात्र रहेको देखिएको छ । यति विद्यार्थी संख्या हुँदा विद्यालयले ३० लाख रुपैयाँ मात्र पाउनुपर्ने थियो । तर विद्यालयलाई ४५ लाख रुपैयाँ उपलब्ध गराइयो । यही आधारमा ६३औं महालेखा परीक्षकको प्रतिवेदनले १५ लाख रुपैयाँ बढी अनुदान वितरण भएको उल्लेख गर्दै उक्त रकम विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्न निर्देशन दिएको छ ।

**विद्यालयको दाबी : 'हामीले पैसा मागेका थिएनौं'**

विद्यालयका प्रधानाध्यापक मीनबहादुर पुनमगरले विद्यालयले थप रकम माग नगरेको बताएका छन् । 'गाउँपालिकाले नै विद्यालयलाई सम्पर्क गरेर ४५ लाख रुपैयाँ अनुदान स्वीकृत भएको जानकारी गराएको हो,' उनले भने-'पालिकाका प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखले विद्यालयमा अनुगमन गरी विद्यार्थी हाजिरी रजिस्टर समेत परीक्षण गरेपछि सम्झौता प्रक्रिया अघि बढाइएको हो, कुल अनुदान ४५ लाख रुपैयाँ बराबरको योजना गत असारमै सम्पन्न भइसकेको छ ।' भदौ महिनामा महालेखा परीक्षकको टोली लेखापरीक्षणका क्रममा विद्यालयमा आएपछि मात्र १५ लाख रुपैयाँ असुली रकम देखिएको प्रधानाध्यापक पुनले बताए । हामीले कुनै नियतवस पालिकासँग रकम माग गरेका छैनौ, सबै शिक्षा शाखाले रुजु गरेर विद्यालयको खातामा उक्त रकम जम्मा भएपछि सो रकम बराबरको योजना सम्पन्न भइसकेको समेत उनले बताए ।

**गल्ती कसको ?**

विद्यालयमा ८ सय ८९ विद्यार्थी मात्र थिए भने ४५ लाख रुपैयाँ अनुदान स्वीकृत कसरी भयो ? विद्यार्थी संख्या प्रमाणीकरण नगरी रकम निकासा गर्ने जिम्मेवारी कसको हो ? शिक्षा शाखा, प्रशासन वा विद्यालय व्यवस्थापनमध्ये कसले तथ्यांकको सत्यता सुनिश्चित गर्नुपर्ने थियो ? विद्यालय प्रशासनले आफूले रकम माग नगरेको दाबी गरे पनि बढी रकम स्वीकार गरी खर्च गरिसकेको विद्यालयका प्रधानाध्यापकले भनेका छन् । अर्कोतर्फ पालिकाले अनुगमन र तथ्यांक परीक्षणपछि नै रकम वितरण गरेको दाबी गरिरहेको छ ।

**गाउँपालिकाको स्वीकारोक्ति : रकम फिर्ता हुनुपर्छ**

शिक्षा शाखा प्रमुख तुल्सी कार्कीले विद्यालयमा उक्त रकम बराबरका काम सम्पन्न भइसकेको बताउँदै बेरुजु रकम तत्काल दाखिला गर्न विद्यालयलाई पत्राचार गरिएको जानकारी दिइन् । तर उता प्रधानाध्यापक पुनले पालिकाबाट कुनै पत्र नआएको र पालिकाले बेरुजु रकमको सानो चिर्कटो मात्र पठाएको बताएका छन् । माण्डवी गाउँपालिकाका सामाजिक विकास शाखा प्रमुख (पालिका शिक्षा संयोजक) एवं वडा नं. २ का वडाध्यक्ष प्रकाश वलीले विद्यालयले लिएको रकम नियमसंगत नभएकाले बेरुजु रकम असुल गर्नैपर्ने बताए । महालेखा परीक्षकको प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख भएकाले विद्यालयले सो रकम तत्काल फिर्ता गर्नुपर्ने उनको भनाइ छ ।

त्यस्तै प्रमुख प्रशासकीय अधिकृत भीमकान्त भण्डारीले विद्यालयलाई पत्राचार गरि सकिएको र बेरुजु रकम छिटोभन्दा छिटो सरकारी खातामा दाखिला गर्नुपर्ने बताएका छन् । उनले आफूलाई सो विषयमा कुनै जानकारी समेत नभएको र महालेखा परिक्षणको क्रममा मात्र उक्त विद्यालयमा बेरुजु रकम आएपश्चात् मात्र जानकारी भएको बताएका छन् । विद्यालयलाई बेरुजुको विषयमा पत्राचार समेत गरिएको भनिएता पनि विद्यालयले यो समाचार तयार पर्दा समेत स्वीकार गरेको छैन ।

जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्यूठानका प्रमुख दुर्गाबहादुर खड्काका अनुसार विद्यालयमा आएको बेरुजु विद्यालयले नै दाखिला गर्नुपर्ने हो । केही मानवीय त्रुटी भए तुरुन्तै करेक्सन गर्नुपर्ने हो, तर असुली उपर बेरुजु रहेको हुँदा सो विद्यालयले उक्त रकम दाखिला गर्नुपर्ने समन्वय प्रमुख खड्काले बताए । विद्यालयलाई नियमन र अनुगमन गर्ने स्थानीय तहमा सम्पूर्ण अधिकार रहेको हुँदा यस विषयमा हाम्रो कार्यालयबाट भन्दा पालिका नै जवाफदेहिता हुनुपर्ने उनको भनाइ छ ।

**शिक्षामा बढ्दो बेथिति**

माण्डवी गाउँपालिका यो प्रकरण केवल १५ लाख रुपैयाँको आर्थिक अनियमितताको विषय मात्र होइन । शिक्षक दरबन्दी मिलान गर्नुपर्ने र बेरुजु बढी भएको भन्दै पालिकाले २०८२ चैत्र मसान्तपछि २० जना गापा अनुदान शिक्षक समेत हटाइयो । पुनःपालिकाले २०८३ जेठ ८ गते शिक्षक पदपूर्ति लागि आह्वान गरी सूचना सार्वजनिक गर्यो । जबकी शिक्षक पदपूर्ति गर्नुपर्ने भए हुँदाहुँदैको शिक्षक हटाएर पुनः घुमाउँरो पारामा शिक्षामा राजनीति किन गर्नुपर्यो भन्ने विषयमा हटाइएका एक शिक्षकको भनाइ छ ।

शिक्षा क्षेत्रमा यस्ता बेथिति दोहोरिरहेसम्म विद्यालय सुधार, शैक्षिक गुणस्तर वृद्धि र सार्वजनिक विश्वासको कुरा नारामै मात्रै सीमित देखिन्छ । अब सम्बन्धित निकायले जिम्मेवारी निर्धारण गरी दोषीमाथि कारबाही गर्ने कि बेरुजुको रकम असुलेर विषयलाई सामसुम पार्ने भन्ने प्रश्न उठेको छ ।

शिक्षा क्षेत्रमा भइरहेको यस्तो खुला लापरबाही र आर्थिक अनियमितता माथि कडा निगरानी र जवाफदेहिताको माग स्थानीयस्तरबाट समेत उठ्न थालेको छ ।

# स्वास्थ्य बिमा सुधारका लागि ऐन नै संशोधन अपरिहार्य




**लुम्बिनी संवाददाता**
*बुटवल*

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाले स्वास्थ्य बिमा सुधारका लागि ऐन नै संशोधन गर्न आवश्यक रहेको बताएका छन् ।

आइतबार मन्त्रालयमा सञ्चारकर्मीहरूसँगको भेटघाट कार्यक्रममा बोल्दै उनले स्वास्थ्य बिमा सुधार कार्यक्रमका लागि ऐन संशोधन गरेर नै अघि बढ्न आवश्यक रहेको बताएका हुन् ।

उनले सरकारले बीमा क्षेत्रमा देखिएको गुनासोहरू तत्काल सम्बोधन गर्नुपर्ने अवस्था आएको पनि बताए । सचिव देवकोटाले सरकारले स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता राखेको दाबी समेत गरे । सरकारले विगतमा वर्षहरूमा भन्दा उक्त कार्यक्रमका लागि दोब्बर बजेट विनियोजन गरेकाले स्वास्थ्य बिमा कार्यक्रम सुधारमा फडको मार्ने अवस्था रहेको सचिव देवकोटाको जिकिर थियो ।

उनले भने-'बीमा सुधारको थुप्रै कुराहरू आएका छन् । अहिले जति पनि कामहरू हामीले गरेका छौं । यससम्बन्धी मिडियामा आएको र अस्ति हामीले गरेका निर्णयहरूको आधारमा हामीले यसलाई तुरुन्तै गर्ने पर्ने हो । यसमा नीतिगत कुराहरु गर्न बाँकी छ । बिमा ऐन संशोधन गर्नुपर्ने हुन्छ । १ साउनदेखि यो कुरा गर्नुपर्ने हुन्छ ।'

सचिव देवकोटाले सरकारले आगामी ३ वर्षभित्र आधार स्वास्थ्य सेवा आम नागरिकलाई पुर्‍याउने गरी सरकारले काम गर्ने प्रतिबद्धता जनाए ।

नागरिकलाई उपचार खर्चको आर्थिक भारबाट जोगाउने उद्देश्यले सुरु गरिएको स्वास्थ्य बिमा कार्यक्रम अहिले गम्भीर चुनौतीको घेरामा परेको छ । अस्पतालले भुक्तानी नपाएको गुनासो गरिरहेका छन् भने बीमित नागरिकले औषधि अभाव, लामो प्रतीक्षा, रेफरलको झन्झट र सेवा नपाउने समस्या भोगिरहेका छन् ।

स्वास्थ्य बिमा बोर्डका अनुसार २०८२ मंसिरसम्म १ करोड २ लाख २० हजारभन्दा बढी नागरिक स्वास्थ्य बिमामा आबद्ध छन् । तीमध्ये ६८ लाख ४५ हजारभन्दा बढी सक्रिय बीमित रहेका छन् । परिवार आवद्धता दर ४५ प्रतिशत र सेवा उपयोग दर ७२ प्रतिशत छ भने नवीकरण दर ७९.७ प्रतिशत रहेको बोर्डले जनाएको छ ।

यद्यपि बिमा कार्यक्रममा आबद्ध नागरिकको संख्या बढे पनि सेवाको गुणस्तर र वित्तीय दिगोपनामा गम्भीर प्रश्न उठ्न थालेका छन् । अस्पतालहरूलाई समयमै रकम भुक्तानी हुन नसक्दा सेवा प्रभावित हुन थालेको छ । स्वास्थ्य बिमा बोर्डले सेवा प्रदायक संस्थाहरूलाई ११ अर्ब रुपैयाँभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको विवरण सार्वजनिक भएको छ ।

भुक्तानी नपाएको भन्दै केही अस्पतालले स्वास्थ्य बिमा सेवा नै बन्द गर्ने चेतावनी दिएका छन् । अस्पतालहरूका अनुसार बीमित बिरामीको उपचार गरे पनि महिनौंसम्म दाबी रकम प्राप्त नहुँदा औषधि खरिद, उपकरण व्यवस्थापन र सेवा सञ्चालनमै समस्या परेको छ ।

स्वास्थ्य बिमा कार्यक्रम अहिले वित्तीय संकटको सामना गरिरहेको देखिन्छ । विभिन्न विवरणअनुसार पुस मसान्तसम्म १९ अर्ब रुपैयाँभन्दा बढी दाबी भुक्तानी बाँकी रहेको अवस्थामा सरकारले अन्य कार्यक्रमबाट रकम रकमान्तर गरेर बोर्डलाई सहयोग गर्नुपरेको अवस्था आएको छ ।

यसको प्रत्यक्ष असर भने बिरामीमाथि परेको छ । अस्पताल पुग्ने धेरै बीमितले बिमाले समेटेका औषधि अस्पतालमै उपलब्ध नहुने, बाहिरको मेडिकलबाट आफ्नै खर्चमा औषधि किन्नुपर्ने तथा महँगा परीक्षण र उपचारमा अतिरिक्त रकम तिर्नुपर्ने गुनासो गर्दै आएका छन् ।

नागरिकस्तरमा पनि स्वास्थ्य बीमा कार्यक्रमप्रति मिश्रित प्रतिक्रिया देखिन्छ । केहीले हजारौं रुपैयाँ बचत भएको अनुभव सुनाएका छन् भने कतिपयले बिमा हुँदाहुँदै उपचार खर्च आफैंले बेहोर्नुपरेको बताएका छन् ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# विधिमा चलेर थिति बसालौं

शासन विधिले चल्ने हो । विधिले शासन चल्दा मात्रै थिति बस्न सक्छ । शासनलाई मनपरी चलाउने परिपाटीको विकास भयो भने त्यसले राज्यसंयन्त्रमा अराजकता निम्त्याउँछ। लोकतन्त्रमा हुकुमी शैली चलाउन खोज्दा विधि खरानी हुन्छ, अनि त्यसको मारमा समाज पर्छ, विधि खरानी भएछि राज्यसंयन्त्रमा मौलाउने हुकुमीतन्त्रले बढ्ने अराजकताबाट सिंगो समाजलाई असर गरिरहेको हुन्छ ।

विधि र थितिका बारेमा भेउ नपाउँदा कतिपय अलमलमा परिरहेका हुन्छन् । कानुनअनुसार चल्नु र कानुन कार्यान्वयनको बाटो फराकिलो बनाउनुले थिति बस्छ । भएका कानुनको कार्यान्वयन गर्दा अपनाइने प्रक्रिया विधिसम्मत छ कि छैन भन्ने हेक्का हरदम राख्न सक्दा नै शासक बाटो बिराएको बटुवाझैं हुनुपर्दैन । कानुनको कार्यान्वयन गर्न खोज्ने, तर अपनाइने प्रक्रिया गलत भएपछि सही गन्तव्यमा पुग्न सकिंदैन । विधिले थिति बसाल्नका लागि राज्य संयन्त्रका चालक प्रक्रियासम्मत ढंगले चल्नुपर्छ । लोकतान्त्रिक प्रणालीमा अझ यो विषय झनै महत्वपूर्ण छ ।

फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई बहुमत ल्यायो । संसदमा प्रचण्ड बहुमत पाएको दल र सरकारका गतिविधि संसददेखि सरकारसम्म धाकधम्कीका छन् । संसदमा नियमावलीका बारेमा विपक्षका कुरा नै नसुनेर सभामुखले जबर्जस्ती सदन चलाए । नियमावलीका बारेमा विपक्षका कुरा सुन्दा सभामुख, संसद र सत्तारुढ दललाई कुनै घाटा लाग्ने थिएन् । विपक्षलाई विश्वासमा लिएर अघि बढ्ने बाटो बन्द गर्दै सभामुख जबर्जस्ती ढंगले अघि बढ्दै छन् । सभामुखको सन्तुलित भूमिकाबाट उनी बाहिर निस्केका छन् । प्रधानमन्त्रीलाई संसदमा बोल्न दिने विषयमा होस्, विपक्षीले संसदमा प्रधानमन्त्री माग गर्दै नाराबाजी गरिरहँदा पेलेरै अघि बढ्दै सभामुखको पदीय साख कमजोर बनाएका छन् । सरकारका गतिविधि पनि संसदीय लोकतान्त्रिक प्रणाली अनुकुल छैनन् । सुकुम्वासी बस्तीमा डोजर लगाउने विषयमा होस् वा अरु कतिपय विषयले सरकार हुकुमीतन्त्रमा चलेको छ भन्ने बलियो सन्देश सार्वजनिक भएको छ । जेठ २० गते उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुस्करले प्रधानमन्त्रीलाई गरेको एउटा मोबाइल एसएमएसले उनलाई प्रहरी कार्यालयसम्म पुऱ्यायो । कुनै आपत्तिको कुरा थिएन, उनको आग्रह अवकाश हुन लागेकोले कुनै मुलुकको राजदूतको चाहना व्यक्त थियो । प्रधानमन्त्रीलाई यो चाहना भन्न खोजेका उनले भेट नपाएपछि एसएमएस गरे । त्यसबापत उनी प्रहरी केरकारमा परे, आगामी दिनमा प्रधानमन्त्रीलाई एसएमएस नगर्ने शर्तमा रिहा भए । के यो विषयमा सचिवलाई प्रहरी लगाएर केरकार गर्नु पर्ने विषय हो ? निजामति ऐनअनुसार कारबाही संभव थिएन ? केही दिनअघि दुई निर्माण व्यवसायीलाई उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरीले पक्राउ गरी भौतिक पूर्वाधार मन्त्रालय पुऱ्यायो । मन्त्रीको सचिवालयका सदस्यले केरकार गरेपछि ती व्यवसायी मुक्त भए । मन्त्रीको सचिवालयले केरकार गर्न अपराध अनुसन्धान कार्यालयका प्रहरी खटाउनुपर्ने विषय राज्यसंयन्त्रको चरम दुरुपयोग हो ।

हुकुमीतन्त्रको धङधडीबाट मुक्त भई विधि र प्रक्रियालाई ख्याल गर्दा मुलुकमा शासन प्रणाली भरपर्दो र बलियो हुन्छ । समाजमा मौलाउँदै गएको अराजकतालाई मेट्ने भनेको विधि र थितिमा चल्दा मात्रै संभव छ । राज्यसंयन्त्र नै विधिलाई उल्लंघन गरिरहन्छ भने थिति बस्नसक्तैन् । लोकतान्त्रिक प्रणाली कमजोर भएको मुलुकमा अनेकौं समस्या सामुन्ने आइरहेका हुन्छन्, हामी त्यो भवितव्यबाट मुक्त हुने प्रयत्न गरौं ।

# अन्धसमर्थक वा अन्धविरोधी होइन, विवेकी नागरिक बनौँ !



भीमा सिवाकोटी

लोकतन्त्रमा सरकार मात्र जिम्मेवार हुँदैन, नागरिक पनि उत्तिकै जिम्मेवार हुन्छन् । यदि हामीले नेताको जात, क्षेत्र, पार्टी वा व्यक्तिगत आकर्षणका आधारमा मात्र निर्णय गर्न थाल्यौं भने योग्यताको मूल्य घट्छ । यदि हामीले कामभन्दा नारालाई महत्व दियौं भने परिणाम पनि नाराजस्तै खोक्रो हुन्छ । नागरिकले केही आधारभूत प्रश्न सोध्न सिक्नुपर्छ; सरकारले के काम गऱ्यो ? कुन वाचा पूरा गऱ्यो ? कुन क्षेत्रमा सुधार आयो ?

नेपालको राजनीति आज एउटा चुनौतिपूर्ण मोडमा उभिएको छ । एकातिर नयाँ सरकार बनेको छ, जसले संसदमा बलियो समर्थन प्राप्त गरेको छ। अर्कोतिर, केही नयाँ अनुहार र युवा नेतृत्वले परिवर्तनको आशा जगाउने प्रयास गरिरहेका छन् । यसअघि पनि विभिन्न सरकारहरू आए, गए, धेरै राम्रा काम गरे, केही कमजोरी पनि रहे। तर, आजको सबैभन्दा ठूलो प्रश्न सरकार, दल वा नेताको मात्र होइन, प्रश्न नागरिक चेतनाको हो ।

हामीले प्रायः देख्ने एउटा प्रवृत्ति छ- 'आफ्नो पक्षको नेता वा दलले जे गरे पनि सही देख्ने, र आफूलाई मन नपर्ने पक्षले जे गरे पनि गलत देख्ने ।' यो प्रवृत्ति लोकतन्त्रका लागि सबैभन्दा खतरनाक रोग हो । किनकि, लोकतन्त्रको शक्ति नेतामा भन्दा बढी नागरिकको विवेकमा निर्भर हुन्छ । समर्थन र विरोधको बिचमा हराउँदै गएको विवेक कुनै व्यक्ति, दल वा विचारधाराप्रति आकर्षण हुनु स्वाभाविक पनि हो ।

हरेक नागरिकको आफ्नो राजनीतिक दृष्टिकोण हुन्छ । तर, समस्या त्यतिबेला सुरु हुन्छ जब त्यो दृष्टिकोण अन्धभक्तिमा बदलिन्छ । यदि आफूले समर्थन गरेको दल वा व्यक्तिले राम्रो काम गरिरहेको छैन भने पनि उसको बचाउ मात्र गर्ने, र आफूले मन नपराएको दल वा व्यक्तिले राम्रो काम गरिरहेको छ भने पनि त्यसलाई स्वीकार गर्न नसक्ने प्रवृत्ति बढ्दै गयो भने समाज सत्य तथ्यले भन्दा भावनाले चल्न थाल्छ । कतिपय मानिसहरू पुरानो सरकारको कुनै उपलब्धि स्वीकार्न तयार हुँदैनन् । उनीहरूलाई लाग्छ- 'हाम्रा विपक्षीले राम्रो काम गर्नै सक्दैनन् ।' अर्कोतिर, केही मानिसहरू नयाँ नेतृत्वले काम सुरु गर्न नपाउँदै असफलताको घोषणा गरिदिन्छन्। उनीहरूलाई लाग्छ- 'यीबाट केही हुनेवाला छैन ।'

यी दुवै दृष्टिकोण मेरो विचारमा गलत छन् । किनकि, मूल्याङ्कन तथ्यका आधारमा हुनुपर्छ पूर्वाग्रहका आधारमा होइन । लोकतन्त्रमा आलोचना पनि आवश्यक छ, प्रशंसा पनि । कुनै पनि सरकार पूर्णरूपमा राम्रो वा पूर्णरूपमा खराब हुँदैन । हरेक शासनकालमा सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन् । यदि कुनै सरकारले सडक बनायो भने त्यसको प्रशंसा गर्नुपर्छ । यदि त्यही सरकारले भ्रष्टाचार रोक्न सकेन भने त्यसको आलोचना गर्नुपर्छ। यही नै लोकतान्त्रिक चेतना हो ।

तर, हाम्रो समाजमा धेरैजसो मानिसहरू दुई समूहमा विभाजित देखिन्छन् । पहिलो समूहले आफ्ना नेताको गल्ती देख्नै चाहँदैन । दोस्रो समूहले विपक्षीको राम्रो काम स्वीकार्नै चाहँदैन । यस्तो अवस्थामा सत्य बिचमै हराउँछ । असल नागरिक भनेको न अन्धसमर्थक हो न त अन्धविरोधी । असल नागरिक त्यो हो जसले राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्न सक्ने साहस राख्छ ।

नयाँलाई अवसर, पुरानोलाई न्याय नयाँ नेतृत्व आएपछि उसलाई काम गर्ने अवसर दिनु लोकतान्त्रिक संस्कार हो । कुनै पनि व्यक्ति वा समूहले जादुको छडी बोकेर शासनमा प्रवेश गर्दैन । योजना बनाउन, नीति लागू गर्न र परिणाम दिन समय लाग्छ । त्यसैले काम सुरु गर्न नपाउँदै कसैलाई असफल घोषणा गर्नु न्यायसंगत हुँदैन ।

त्यसैगरी, अघिल्लो सरकारले गरेका राम्रा कामलाई पूर्ण रूपमा अस्वीकार गर्नु पनि उचित होइन । विकासका धेरै योजनाहरू कुनै एक सरकारको मात्र उपलब्धि हुँदैनन् । ती वर्षौंको निरन्तर प्रयासको परिणाम हुन्छन् ।

यदि पुरानो सरकारले केही राम्रो गरेको थियो भने त्यसलाई स्वीकार गर्न सक्नुपर्छ । राजनीतिक परिपक्वता भनेको यही हो-व्यक्तिभन्दा कामलाई महत्व दिनु । आजभोलि सामाजिक सञ्जालले सूचना फैलाउन सजिलो बनाएको छ । तर, यसले एउटा समस्या पनि जन्माएको छ- तथ्यभन्दा भावनाको व्यापार ।

कुनै नेताको पक्षमा एउटा पोस्ट आयो भने सयौं मानिस बिना जाँच समर्थनमा उत्रिन्छन् । अर्कोथरी त्यत्तिकै विरोधमा उत्रिएको देखिन्छ । धेरै मानिसहरूले कुनै समाचार सत्य हो कि होइन भनेर बुझ्ने प्रयास पनि गर्दैनन् । उनीहरू केवल आफूलाई मनपर्ने कथन खोज्छन् र त्यही पोस्ट गर्छन् । यसले समाजलाई दुई ध्रुवमा विभाजित गरिरहेको छ भन्नेकुरा नकार्न सकिन्न । एक पक्षलाई आफ्नो नेता भगवान् जस्तो लाग्छ, अर्को पक्षलाई त्यही नेता राक्षस जस्तो लागिरहेको छ । यस्तो सोचले न राष्ट्रलाई सवल बनाउन सक्छ न त नागरिकलाई नै !

लोकतन्त्रमा सरकार मात्र जिम्मेवार हुँदैन, नागरिक पनि उत्तिकै जिम्मेवार हुन्छन् । यदि हामीले नेताको जात, क्षेत्र, पार्टी वा व्यक्तिगत आकर्षणका आधारमा मात्र निर्णय गर्न थाल्यौं भने योग्यताको मूल्य घट्छ । यदि हामीले कामभन्दा नारालाई महत्व दियौं भने परिणाम पनि नाराजस्तै खोक्रो हुन्छ । नागरिकले केही आधारभूत प्रश्न सोध्न सिक्नुपर्छ; सरकारले के काम गऱ्यो ? कुन वाचा पूरा गऱ्यो ? कुन क्षेत्रमा सुधार आयो ? कहाँ कमजोरी रह्यो ? तथ्य र प्रमाण के भन्छन् ? यी प्रश्नको उत्तर खोज्ने बानी नागरिकले विकाश गर्न जरूरी देखिन्छ । व्यक्तिपूजा होइन, प्रणालीप्रति विश्वास राख्नुपर्छ ।

नेपालको राजनीतिमा अर्को ठूलो समस्या व्यक्तिपूजा हो । हामी धेरैजसो व्यक्तिकेन्द्रित राजनीति गर्छौं । तर, कुनै पनि देश व्यक्तिले होइन, संस्थाले चलाउँछ । बलियो न्यायपालिका, उत्तरदायी सरकार, सक्षम प्रशासन, स्वतन्त्र सञ्चार माध्यम र सचेत नागरिक नै समृद्ध राष्ट्रका आधार हुन् । त्यसैले व्यक्तिलाई देवता वा दानव बनाउने प्रवृत्तिबाट माथि उठ्नुपर्छ । व्यक्ति बदलिन्छन्, संस्था रहन्छन् ।

लोकतन्त्रको सुन्दरता विविधतामा एकता हो । सबैले एउटै कुरा सोंच्नुपर्छ भन्ने होइन । कसैले सरकारको समर्थन गर्न सक्छ, कसैले विरोध गर्न सक्छ । दुवै अधिकार लोकतन्त्रले दिएको छ । तर फरक विचार राख्ने मानिसलाई शत्रु ठान्नु लोकतान्त्रिक संस्कार होइन ।

यदि कसैले सरकारको राम्रो कामको प्रशंसा गर्यो भने उसलाई 'झोले'भनेर गाली गर्नु गलत हो । त्यसैगरी कसैले कमजोरीको आलोचना गऱ्यो भने उसलाई शत्रु देख्नु पनि गलत हो । स्वस्थ समाजमा बहस हुन्छ, द्वेष हुँदैन । तर्क हुन्छ, अपमान हुँदैन । हरेक नागरिकले अमृतलाई अमृत र विषलाई विष भन्न सक्ने क्षमताको विकाश गर्न आँट गर्नु पर्छ । आफूलाई मनपर्ने व्यक्तिले गल्ती गरे पनि त्यसलाई उपलब्धि जस्तो देख्ने र आफूलाई मन नपर्ने व्यक्तिले राम्रो काम गरे पनि त्यसलाई असफलता मान्ने प्रवृत्तिले राष्ट्रलाई अगाडि बढाउँदैन । यदि अमृतलाई पनि फोहोर भनिन्छ भने त्यो विवेकको हार हो । यदि फोहोरलाई केवल आफ्नो पक्षले ल्यायो भनेर अमृत भनिन्छ भने त्यो पनि विवेकको हार हो । राष्ट्र निर्माणको आधार यही हो कि हामी वस्तुलाई वस्तुका रूपमा हेर्न सकौं । राम्रोलाई स्वीकार गर्न सकौं । गलतलाई सच्याउन सकौं ।

अन्त्यमा, नेपाललाई आज अन्धसमर्थक र अन्धविरोधीभन्दा बढी विवेकी नागरिक चाहिएको छ । सरकार पुरानो होस् वा नयाँ, युवा होस् वा अनुभवी - मूल्याङ्कन कामका आधारमा हुनुपर्छ । प्रशंसा र आलोचना पनि तथ्यमा आधारित हुनुपर्छ । नयाँ नेतृत्वलाई काम गर्ने उचित समय र अवसर दिनुपर्छ। पुराना नेतृत्वका सकारात्मक योगदानलाई पनि निष्पक्ष रूपमा स्वीकार गर्नुपर्छ । लोकतन्त्रको शक्ति कुनै दल, नेता वा नारामा होइन; सत्यलाई स्वीकार गर्ने नागरिक चेतनामा हुन्छ । जब हामी आफूलाई मनपरेको व्यक्तिको गल्तीलाई पनि गल्ती भन्न सक्ने र आफूलाई मन नपरेको व्यक्तिको राम्रो कामलाई पनि राम्रो भन्न सक्ने हैसियतमा पुग्छौं, तब मात्र हामी वास्तविक लोकतान्त्रिक नागरिक बन्छौं । र, त्यो दिन नेपालमा राजनीति मात्र होइन, नागरिक चेतना पनि परिपक्व हुनेछ । लोकतन्त्रको वास्तविक विजय त्यही दिन हुनेछ ।

लोकतन्त्र तब बलियो बन्छ, जब नागरिकले दल होइन सत्यको पक्ष लिन्छन् । घटना र विचारबाट

## विश्व खाद्य सुरक्षा दिवसः

# दूषित खाद्यवस्तुका कारण बर्सेनि ६० करोड मानिस बिरामी

दूषित खाद्यवस्तुका कारण विश्वभर हरेक वर्ष करिब ६० करोड मानिस बिरामी पर्ने गरेको तथ्यांक सार्वजनिक भएको छ । खाद्यजन्य रोगका कारण वार्षिक करिब ४ लाख २० हजार जनाको मृत्यु हुने गरेको पनि विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले जनाएको छ ।

सुरक्षित खाद्यवस्तुको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आज विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी विश्व खाद्य सुरक्षा दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्रसंघीय महासभाले सन् २०१८ मा प्रस्ताव पारित गर्दै जुन ७ लाई विश्व खाद्य सुरक्षा दिवसका रूपमा घोषणा गरेको थियो ।

सोही निर्णयअनुसार सन् २०१९ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो ।

दिवसको प्रवर्द्धन तथा समन्वय डब्ल्युएचओ र संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (एफएओ) ले संयुक्त रूपमा गर्दै आएका छन् । स्वास्थ्य विज्ञहरूका अनुसार पर्याप्त मात्रामा सुरक्षित र पोषणयुक्त खाद्यवस्तुमा पहुँच मानव स्वास्थ्य, जीवन र समग्र कल्याणका लागि अत्यावश्यक छ ।

दूषित खाना वा पानीमार्फत् शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया, भाइरस, परजीवी तथा रासायनिक पदार्थका कारण विभिन्न खाद्यजन्य रोग फैलिने गर्छन् ।

यस्ता जोखिमहरू प्रायः नाङ्गो आँखाले देख्न नसकिने भएकाले



खाद्य सुरक्षालाई जनस्वास्थ्यको महत्वपूर्ण विषयका रूपमा लिने गरिन्छ ।

डब्ल्युएचओका अनुसार खाद्यजन्य रोगको कुल भारमध्ये करिब ४० प्रतिशत हिस्सा पाँच वर्षमुनिका बालबालिकाले वहन गर्ने गरेका छन् । यस्ता रोगका कारण हरेक वर्ष करिब १ लाख २५ हजार बालबालिकाको मृत्यु हुने गरेको तथ्यांक छ । महिला, बालबालिका, द्वन्द्व प्रभावित समुदाय, आप्रवासी तथा अन्य कमजोर वर्ग खाद्यजन्य रोगबाट बढी प्रभावित हुने गरेका छन् । विशेषज्ञहरूका अनुसार खाद्य सुरक्षा उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य श्रृंखलासँग सम्बन्धित विषय हो ।

खाद्यवस्तुको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण, तयारी तथा उपभोगका प्रत्येक चरणमा सुरक्षा मापदण्डको पालना गर्न सके खाद्यजन्य रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ । विश्व खाद्य सुरक्षा दिवसका अवसरमा खाद्य सुरक्षालाई प्रभावकारी नियमन प्रणाली, स्वच्छ खानेपानीमा पहुँच, असल कृषि अभ्यास, खाद्य सुरक्षा व्यवस्थापन प्रणाली तथा उपभोक्ता सचेतनासँग जोडेर अघि बढाउनुपर्नेमा जोड दिइएको छ ।

विज्ञहरूका अनुसार सुरक्षित खाद्यवस्तुको सुनिश्चितताका लागि सरकार, उत्पादक, व्यवसायी, वैज्ञानिक, नागरिक समाज र उपभोक्ताबीच साझा जिम्मेवारी र सहकार्य आवश्यक छ ।

'खाद्य सुरक्षा सबैको जिम्मेवारी' भन्ने सन्देशसहित मनाइने यस दिवसले खाद्य सुरक्षा, जनस्वास्थ्य, कृषि, व्यापार, पर्यटन तथा दिगो विकासबिचको अन्तरसम्बन्धलाई उजागर गर्दै सुरक्षित खाद्यवस्तुको सुनिश्चितताका लागि सबै पक्षलाई सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरेको छ ।

स्वास्थ्य खबरबाट

# डिभर्नाको 'रक गार्डेन' अर्घाखाँचीको नयाँ पर्यटकीय आकर्षण बन्दै



**अनिल नेपाली**
*अर्घाखाँची*

सन्धिखर्क नगरपालिका-११ डिभर्नामा अवस्थित 'रक गार्डेन' पछिल्लो समय यहाँको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनिन थालेको छ। सन्धिखर्कबाट झण्डै २० मिनेटको गाडीको यात्रा गरेपछि यस स्थानमा पुग्न सकिन्छ।

प्रकृतिले आफैँ कुँदेर बनाएको जस्तो देखिने विशाल चट्टानहरूको संरचना, ढुङ्गाको बगैँचा जस्तै फैलिएको भू-आकृति, चिसो स्वच्छ हावा र क्षणक्षणमा बदलिने मौसमले यहाँ पुग्ने जो-कोहीलाई मोहित बनाउने गरेको छ।

पहिलो पटक रक गार्डेन पुग्ने आगन्तुकहरू त्यहाँका चट्टानहरूको अनौठो बनावट देखेर आश्चर्य चकित हुने गरेका छन्।

कतिपय ठाउँमा मानव हातले कलात्मक रूपमा कुँदिएको जस्तो, कतै योजनाबद्ध रूपमा सजाइएको फूलबारी झैं देखिने हुँदा धेरैले प्रकृतिको अनुपम सिर्जना भनेर चर्चा गर्ने गर्छन्। सयौँ रोपनी क्षेत्रफलमा फैलिएको यो क्षेत्र ढुङ्गाको जङ्गल जस्तै देखिन्छ, जसले आगन्तुकलाई एकैपटक रहस्य, सौन्दर्य र शान्तिको अनुभूति गराउँछ।पछिल्लो समय यो गार्डेन आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ।

जिल्लाभित्रका विभिन्न स्थानबाट दैनिक रूपमा मानिसहरू यहाँ घुम्न आउने क्रम बढ्दो छ। स्थानीयका अनुसार यहाँको स्वच्छ वातावरण, चिसो मौसम र प्राकृतिक दृश्यावलोकनले शहरको भीडभाडबाट केही समय टाढा पुगेर मानसिक ताजगी प्राप्त गर्ने अवसर प्रदान गरेको छ।

सन्धिखर्क नगरपालिका-११ का वडाध्यक्ष चेतनारायण आचार्यले पछिल्लो समय प्रचारप्रसारसँगै यहाँ आउने पर्यटकको संख्या बढ्न थालेको बताए। 'प्रकृतिको अनुपम उपहारका रूपमा रहेको यो क्षेत्रमा आन्तरिक पर्यटकको आकर्षण बढ्दैछ।

हामीले यस क्षेत्रलाई अझ व्यवस्थित बनाउन पूर्वाधार विकासमा जोड दिएका छौँ।'- उनले भने। यस क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नगरपालिकाले योजनाबद्ध रूपमा विभिन्न कामअघि बढाएको छ। हाल पर्यटकहरूको सहजताका लागि शौचालय, विश्रामस्थल (ट्रस्ट) तथा मन्दिर निर्माण गरिएको छ।

यी संरचनाले आगन्तुकको बसाइँलाई थप सहज र आरामदायी बनाएको जानकारी दिँदै वडाध्यक्ष आचार्यले गार्डेनको प्रचारप्रसारलाई प्राथमिकतामा राख्दै दीर्घकालीन पर्यटन विकास रणनीति तयार पारिरहेको बताए।

नगर क्षेत्रमै पहिचान र महत्त्वपूर्ण प्राकृतिक सम्पत्ति भएकाले यसको विकास र उचित प्रचारप्रसारमा ध्यान दिनुपर्ने स्थानीय युवा नारायण आचार्यको भनाइ छ।

'हाल जिल्लाभित्रबाट बढी पर्यटक आउने गरेका छन्, तर बाहिरी जिल्लासम्म यसको पहिचान पुऱ्याउन सकियो भने यसको महत्त्व अझ बढ्नेछ। त्यसका लागि स्थानीय तहले थप योजना अगाडि बढाउन आवश्यक छ।'- उनले भने। रक गार्डेनको अर्को विशेषता भनेको यहाँबाट देखिने विशाल भू-दृश्य हो।

यसस्थानबाटसन्धिखर्कनगरपालिकामात्रहोइन, भूमिकास्थान नगरपालिका, मालारानी गाउँपालिका, पाणिनी गाउँपालिका, छत्रदेव गाउँपालिकालगायत पाल्पा र प्यूठान जिल्लाका केही भूभागहरू अवलोकन गर्न सकिन्छ।

लुम्बिनी र सुपा देउराली मन्दिरमा आउने पर्यटकलाई सन्धिखर्क बजार हुँदै अर्घा भगवती मन्दिर र रक गार्डेनसम्म ल्याउन सकियो भने जिल्लाको पर्यटन गतिविधिमा उल्लेखनीय वृद्धि हुन सन्धिखर्कका स्थानीय व्यवसायी डिलाराम भुसालले बताए।

यसले होटल, यातायात, व्यापारलगायत स्थानीय व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउनेछ, रक गार्डेनलाई जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित नगरपालिका अघि बढिरहेको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए। 'पर्यटन विकाससँगै स्थानीयको आयआर्जन बढाउने र आर्थिक गतिविधि विस्तार गर्ने हाम्रो लक्ष्य हो।'- उनले भने।

लुम्बिनी र सुपा देउरालीमा आएका पर्यटकलाई खाँचीकोट भगवती मनिदर तथा राज्य, सन्धिखर्कको सिद्धेश्वर मन्दिर, अर्घा भगवती हुँदै यस स्थानमा लैजाने गरी योजना बनाउन सकेमा यस स्थानमा पर्यटकहरू थप बढ्ने नगरप्रमुख श्रेष्ठको भनाइ छ। प्रकृतिले आफैँ निर्माण गरेको डिभर्नाको यो अद्भूत ढुङ्गाको संसार साँच्चिकै नेपालकै नमूना पर्यटकीय सम्पदा बन्ने सम्भावना बोकेको छ।

'यसको व्यापक प्रचारप्रसार, संरक्षण र पूर्वाधार विकासमा सरोकारवाला सबै पक्षको ध्यान पुग्न सके रक गार्डेन अर्घाखाँचीको पर्यटन नक्सामा चम्किलो गन्तव्यका रूपमा स्थापित हुने सम्भावना छ।'- नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले भने।

रक गार्डेन केवल एउटा प्राकृतिकस्थल मात्र नभई अर्घाखाँचीको समृद्ध भविष्यको आधार बन्न सक्ने अमूल्य सम्भावनाको क्षेत्र भएकाले नगरले यसका विकासमा ध्यान दिइरहेको उनको भनाइ छ।

प्राकृतिक सौन्दर्य, शान्त वातावरण र विशाल सम्भावनाले भरिएको यो क्षेत्रले जिल्लाकै पहिचान स्थापित गर्ने सम्भावना रहेकाले विकासका लागि सबैले ध्यान दिन आवश्यक रहेको खनालले बताए।

# मन्त्री लम्साल किन परे स्थानीयको घेराउमा ?



बुटवल। संघीय पूर्वाधार विकास तथा शहरी मन्त्री सुनिल लम्साल शनिबार धनुषाको कमला नदीमा निर्माणाधीन पुलको निरीक्षण गर्न पुगेका बेला स्थानीयको घेराउमा परे। मन्त्री लम्साल नेतृत्वको टोली निरीक्षण सकेर कुनै स्पष्ट प्रतिबद्धता नदिई फर्किन खोजेपछि आक्रोशित स्थानीय अगुवाले उनीसँगै हिँडेर सरकारविरुद्ध नाराबाजी गरे।

पूर्व-पश्चिम यात्रामा रहेका मन्त्री लम्साल कमला पुलको अवस्थाबारे जानकारी लिन पुगेका थिए। उनीसँग प्रतिनिधिसभा सदस्य बब्लु गुप्तालगायत जनप्रतिनिधि र सरकारी अधिकारीहरूको टोली पनि थियो। तर, वर्षौंदेखि पुलको समस्या भोग्दै आएका स्थानीयले मन्त्रीबाट ठोस जवाफको अपेक्षा गरेका थिए।

सरकारले ल्याएको बजेटमा पनि कमला पुल प्राथमिकतामा नपर्दा स्थानीय अक्रोसित भएका छन्। हुलाकी राजमार्गको लाइफलाइन मानिने कमला पुल पूर्वी धनुषा र सिरहाको सदरमुकाम समेत जोडिने गर्दछ।

स्थानीयका अनुसार मन्त्री निरीक्षण गरेर कुनै सम्बोधन नगरी तथा सञ्चारकर्मीलाई समेत प्रतिक्रिया नदिई फर्किन लागेपछि असन्तुष्टि चुलिएको थियो। मन्त्री सवार गाडी स्थानीयले घेरेपछि उनी गाडीबाट ओर्लिन बाध्य भएका थिए।

त्यसक्रममा स्थानीयले 'पुल कहिले सम्पन्न हुन्छ ?' भन्ने प्रश्नको स्पष्ट जवाफ मागेका थिए। मन्त्री लम्सालले तत्कालै निर्माण कम्पनीका प्रतिनिधिसँग सोधपुछ गरेका थिए। निर्माण कम्पनी लुम्बिनी बिल्डर्स जेभीका प्रतिनिधिले १५ दिनभित्र आवतजावत गर्न मिल्ने गरी पुल सञ्चालनमा ल्याउने आश्वासन दिएपछि मात्रै स्थानीयले मन्त्रीको टोलीलाई जान दिएका थिए।

स्थानीयका अनुसार मन्त्रीलाई घेर्नुअघि निर्माण कम्पनीका सञ्चालक विष्णु शर्मालाई समेत स्थानीयले जवाफदेही बनाउन खोजेका थिए।

कमला पुलको निर्माण ढिलाइको विषय नयाँ भने होइन। २०६८ मंसिरमा २४ करोड ९१ लाख रुपैयाँ लागतमा ठेक्का लागेको ४ सय ७० मिटर लामो पुल साढे तीन वर्षमै सम्पन्न हुनुपर्ने थियो। तर ठेक्का पाएको पप्पु-लुम्बिनी जेभीले समयमै काम सम्पन्न गर्न सकेन।

पटक-पटक म्याद थप्दा पनि निर्माण सम्पन्न नभएपछि स्थानीयमा निराशा बढ्दै गयो।

हुलाकी सडक संघर्ष समितिको आन्दोलन र रिले अनशनपछि सरकारले पप्पु कन्स्ट्रक्सनबाट ठेक्का खोसेर २०७६ असोजमा लुम्बिनी बिल्डर्सलाई जिम्मा दिएको थियो। नयाँ कम्पनीले काम सकेर उद्घाटनको तयारी गरिरहेका बेला २०७८ असार १७ गते सामान्य बाढीकै दबाब थेग्न नसकेर पुल भासिएको थियो।

त्यसयता पुनर्निर्माण भइरहेको भए पनि पाँच वर्ष बित्न लाग्दा समेत काम पूरा हुन सकेको छैन। पुलको डिजाइनमै त्रुटि रहेको आरोप उठ्दै आएको छ भने यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान गरिरहेको छ।

स्थानीय अगुवाहरूले पुरानै संरचना सुधार्नेभन्दा नयाँ डिजाइनसहित नयाँ पुल निर्माण गर्नुपर्ने माग राख्दै आएका छन्। तर सरकार र निर्माण कम्पनीबाट पटक-पटक आश्वासन मात्र आउने र काम नदेखिने अवस्थाले स्थानीयको आक्रोश बढ्दै गएको छ।

त्यही आक्रोश शनिबार मन्त्री लम्सालको निरीक्षण भ्रमणमा प्रत्यक्ष देखियो। १५ वर्षदेखि अलपत्र रहेको कमला पुलका कारण दैनिक सास्ती खेपिरहेका स्थानीयले अब आश्वासनभन्दा काम चाहिएको भन्दै मन्त्रीलाई घेराउ गरेका हुन्। मन्त्रीको टोलीले १५ दिनभित्र पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता दोहोऱ्याए पनि स्थानीय भने काम सम्पन्न नभएसम्म विश्वास गर्न तयार देखिएका छैनन्।

# संघीय र प्रदेश संसदका कर्मचारीलाई एउटै सेवा गठनको पहल गरिने

बुटवल। संघीय संसद र प्रदेशसभाका कर्मचारीका लागि एउटै सेवा गठन गर्न पहल गरिने भएको छ। यस्तो पहल प्रदेशसभा र संघीय संसद् अन्तर्गतको प्रतिनिधिसभा र राष्ट्रिय सभा स्वयमले गर्ने भएका हुन्।

हालै सुदूरपश्चिम प्रदेशको टीकापुरमा अन्तर-व्यवस्थापिका मञ्चको एघारौँ सम्मेलन सम्पन्न भएको छ। उक्त सम्मेलनले ८ बुँदे सन्देश पत्र जारी गरेको छ। बुँदा नम्बर ७ मा संघीय संसद र प्रदेश सभाका कर्मचारीका लागि एउटै सेवा गठन गर्न पहल गर्ने विषय छ।

'नेपालको संविधानको भाग २० मा भएको सङ्घ, प्रदेश र स्थानीय तहवीच अन्तरसम्बन्धअन्तर्गत धारा २३१ को उपधारा (३) को व्यवस्था अनुसार प्रदेश सभाहरूको कर्मचारी व्यवस्थापन गर्न सङ्घीय संसद र प्रदेश सभाको कर्मचारीका लागि एउटै सेवा गठनसम्बन्धी आवश्यक कानून निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,' सन्देश पत्रमा लेखिएको छ।

प्रदेश सभाहरुमा कर्मचारी व्यवस्थापनमा समस्या रहन गई सभा सञ्चालन तथा कानुन निर्माण लगायतको कार्यमा प्रत्यक्ष प्रभाव परेको सन्दर्भमा यस्तो माग भएको हो।

# दश हजार चार्जिङ स्टेशन बनाउन सुझाव

बुटवल। पूर्वाधार विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार देशभरि विद्युतीय सवारीसाधन (ईभी) को थप प्रवर्द्धनका लागि मुलुकभरि कम्तीमा १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने देखिएको छ। मन्त्रालयले गरेको 'नेपालमा ईभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावना' सम्बन्धी अध्ययन प्रतिवेदनले मुलुकभरि १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने जनाएको हो।

सन् २०३० सम्म उक्त संख्यामा चार्जिङ स्टेसन निर्माण गर्न सकिएमामा विद्युतीय सवारीसाधनको प्रवर्द्धन उल्लेख्य रूपमा हुने प्रतिवेदनमा उल्लेख गरिएको छ। हाल देशभरि कुल एक हजार चार्जिङ स्टेसन सञ्चालनमा छन्। अधिकांश स्टेसन विद्युतीय सवारीसाधनका आधिकारीक बिक्रेताले सञ्चालन गर्दै आएका छन्।

विशाल ग्रुप, पारामाउन्ट मोटर्स, भिजी अटोमोबाइलगायतले २५०, १६० एमएडब्ल्यू वृद्धिले, ७० साइमेक्स इङ्कले, दिगो प्रालिले १२० वटा शशीला मोटर्सले, १७ वटा त्रिवेणी ग्रुपलगायतले चार्जिङ स्टेसन निर्माण गरी सञ्चालन गरिरहेका छन्। अधिकांश स्टेसन काठमाडौँ, पोखरा, भरतपुरलगायत मुख्य सहर क्षेत्रमा केन्द्रित छन्।

साबिक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक कार्यदल बनाएर विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि गर्नुपर्ने तयारीका बारेमा प्रतिवेदन बुझाएको थियो। सो मन्त्रालयका सहसचिव कृष्णराज पन्थ संयोजक रहेको कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार चार्जिङ पूर्वाधार, ब्याट्रीको लागत, सडक पूर्वाधार, ब्याट्रीको पुनः उपयोग तथा डिस्पोजललाई चुनौतीका रूपमा दर्शाएको छ। त्यस्तै, दक्ष जनशक्ति र अन्तरराष्ट्रिय अनुभव, निजी क्षेत्रको सीमित सहभागिता, सिप विकासको अभाव, सवारीसाधनका पार्टसको आयातमा रहेको निर्भरतालाई चुनौतीका रूपमा देखाएका छन्। उच्च सुरुवाती लागत र न्यून पुनः बिक्री मूल्य, सवारीसाधनको गुणस्तर, योग्य चालकको अभाव, ठूला सवारी तथा मालवाहक सवारीका रूपमा विद्युतीय सवारीको प्रयोग हुन नसक्नुलाई चुनौतीका रूपमा लिइएको छ।

विद्युतीय यातायातमैत्री भौतिक पूर्वाधारमा लगानी, निजी लगानी प्रोत्साहन, चार्जिङ स्टेसनहरू र ब्याट्री स्वापिङ (विद्युतीय सवारीसाधन चार्ज गर्ने आधुनिक र तीव्र प्रविधि) नीति, ब्याट्रीको जीवन र व्यवस्थापनको चुनौती, प्रविधिको अनुसन्धान र विकास, मापदण्ड तर्जुमा नहुनुलाई पनि चुनौतीका रूपमा लिइएको छ।

पूर्वाधार विकास मन्त्रालयले गरेको 'नेपालमा ईभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावनाको अध्ययन प्रतिवेदन' अनुसार राजमार्ग, ग्रामीण क्षेत्र र गाउँमा चार्जिङ अपर्याप्त रहेकाले विद्युतीय सवारीलाई सार्वजनिक साधनका रूपमा प्रयोगमा ल्याउन तथा लामो दूरी यात्रामा व्यवस्थापन गर्न समस्या हुने गरेको छ।

जलविद्युत्को आन्तरिक खपत वृद्धि गर्ने उद्देश्यका साथ सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिएको छ। आगामी आर्थिक वर्षको बजेटमा पनि सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। मुद्रा सटहीमा बचत हुने भएकाले यसलाई विद्युत् प्राधिकरणले १४२ किलोवाट क्षमताका ६२ वटा द्रुत गतिका चार्जर सञ्चालन गरिरहेको छ।

प्राधिकरणले चालु आवमा सात प्रमुख ठाउँमा पूर्वाधार विस्तारका लागि एक करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन गरेको थियो। देशभर करिब एक लाख किलोमिटर सडक सञ्जाल पुगेको छ। विद्युतीय सवारीको चार्जिङ स्टेसनमार्फत् अधिकतम उपयोग गरी आन्तरिक खपत वृद्धि गर्ने, स्वदेशी ऊर्जाको माध्यमबाट विश्वव्यापी रूपमा इन्धनको मूल्यमा हुने अस्थिरता र आपूर्ति अवरोधबाट मुलुकलाई जोगाउन पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिइएको हो।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि मन्त्रालयले योजनाबद्ध प्रयास गरिरहेको जानकारी दिए। मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा देशभर चार्जिङ स्टेसनको सञ्जाल विस्तार गर्ने उल्लेख छ। सो कार्य आर्थिक वर्ष २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

पेट्रोलपम्पमा चार्जिङ स्टेसन र सार्वजनिक रूपमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने लक्ष्य निर्धारण गरेको छ। सो कार्यका लागि ऊर्जा मन्त्रालयले जिम्मेवार निकायका रूपमा प्राधिकरणलाई तोकेको छ। प्रमुख सहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने ऊर्जाको लक्ष्य छ।

दिगो लक्ष्यअनुसार सन् २०३० सम्म ९० प्रतिशत निजी विद्युतीय सवारीसाधन र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको नेपालको लक्ष्य प्राप्ति गर्न विद्युतीय सवारीको महत्वपूर्ण भूमिका रहने देखिन्छ।

अवसरका रूपमा चित्रण गर्दै अध्ययन प्रतिवेदनले कम सञ्चालन लागत र रोजगारी सिर्जना, वायु प्रदूषणमा कमी आउने, सार्वजनिक यातायातको आधुनिकीकरण र सडक दुर्घटनामा कमी आउने, सहरी यातायात दक्षता र पर्यटकीय आकर्षण बढ्ने उल्लेख छ।

**NEPAL RED CROSS SOCIETY**
**Rupandehi District Chapter**
**Siddharthanagar-13, Rupandehi, Nepal**

**NOTICE INVITING SEALED PROPOSALS**

**Consultancy Service for Documentation of SUPER Project Impact Stories, Photos and Short Video**
**First Date of Publication: 8 June 2026**

Nepal Red Cross Society (NRCS), with financial support from the Swiss Red Cross (SRC), invites sealed technical and financial proposals from qualified and experienced consulting firms or individual consultants for the documentation of project achievements, lessons learned, best practices, and community-level impacts under the Strengthening Urban Preparedness and Emergency Response (SUPER) Project.

1. **Assignment Title**
   Documentation of SUPER Project Impact Stories, Photos and Short Videos
2. **Project Locations**
   - Sainamaina Municipality, Rupandehi District
   - Chandannath Municipality, Jumla District
3. **Proposal Submission Requirements**
   Interested firms/consultants shall submit:
   • Application Letter
   • Company Registration Certificate
   • PAN/VAT Registration Certificate
   • Latest Tax Clearance of year 81-82
   After the submission of required documents,it will be reviewed by the NRCS,DC and Terms of Reference (TOR) will be provided to you and other required financial and technical documents will be asked and on basis of your document your proposal will be accepted. IF any asked document are missing TOR will not be provided to you.
4. **Eligibility Criteria**
   All criteria will be explained in TOR.
5. NRCS reserves the right to accept or reject any or all proposals.
6. All the documents should be Submitted on 14th June till 5pm.

**Submission Address And For More Information Contact**

**Nepal Red Cross Society**
**Rupandehi District Chapter**
**Siddharthanagar-13, Rupandehi, Nepal**
**Contact No: 9851223145,9867023373**
**Email: application4super@gmail.com**

### लिपुलेकबारे

भारत र चीनले नेपालको भूमिबाट कैलाश मानसरोबर यात्रा खोज्ने सहमतिबारे नेपालले आपत्ति जनाएको सन्दर्भ पनि उठेको थियो। परराष्ट्र मन्त्री खनालले लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालको भएकाले भारत र चीनले आफूखुशी सहमति गर्न नपाउने बताए।

खनालले यस्तो जवाफ दिए-'कैलाश मानसरोवर यात्रा विभिन्न सीमा नाकाहरूबाट हुन्छ। धेरै मानिस नेपाल भएर यात्रा गर्छन्। हामी नेपाली पर्यटकहरूलाई स्वागत गर्छौं जो नेपालका विभिन्न नाकाहरूबाट कैलाश मानसरोवर जान्छन्। हामी त्यसलाई सहजीकरण गर्छौं। हाम्रा चासोहरू भारत र चीनबिच लिपुलेक र लिम्पियाधुरा क्षेत्रमार्फत् भएको नयाँ सम्झौता वा सम्झौताको नवीकरणसँग सम्बन्धित छन्, जहाँ हामीले धेरै लामो समयदेखि ती भूमि हाम्रो हुन् भनि दाबी गर्दै आएका छौँ। नेपालको सहमतिबिना दुई देशले आफैँ सम्झौता गर्न सक्दैनन्। हामीले यो कुरा कूटनीतिक नोटसहित हाम्रा सञ्चारमार्फत् दुवै देशलाई स्पष्ट रूपमा जानकारी गराएका छौँ।'

### स्वास्थ्य....

रेफरल प्रणाली अर्को चुनौती बनेको छ। पहिलो सेवा केन्द्रबाट सिफारिस नलिएर अन्य अस्पतालमा उपचार गराउँदा बिमा सुविधा नपाउने अवस्थाले बिरामीलाई थप झन्झट हुने गरेको छ। आकस्मिक अवस्थामा समेत प्रक्रियागत जटिलताका कारण सेवाग्राही समस्यामा पर्ने गरेका उदाहरण छन्।

स्वास्थ्य क्षेत्रका जानकारहरूका अनुसार स्वास्थ्य बिमाको मूल समस्या कार्यक्रमको अवधारणामा भन्दा पनि कार्यान्वयन र वित्तीय व्यवस्थापनमा देखिएको छ। स्वस्थ नागरिकको सहभागिता कम र दीर्घरोगी तथा बढी सेवा उपयोग गर्ने समूहको हिस्सा बढ्दै जाँदा कोषमा असन्तुलन सिर्जना भएको उनीहरूको भनाइ छ। यद्यपि सबै समस्या मात्र छैनन्। मोतियाबिन्दु शल्यक्रिया, नियमित मधुमेह तथा उच्च रक्तचापको उपचार, विभिन्न परीक्षण तथा आकस्मिक उपचारमा स्वास्थ्य बिमाले धेरै परिवारलाई राहत दिएको अनुभव पनि प्रशस्तै छन्।

तर अस्पतालले रकम नपाउने, बिरामीले सहज सेवा नपाउने र बोर्ड वित्तीय संकटमा फस्ने अवस्था कायमै रहने हो भने स्वास्थ्य बीमा कार्यक्रमको दिगोपनामाथि थप प्रश्न उठ्ने देखिएको छ। स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूले सेवा गुणस्तर सुधार, समयमै भुक्तानी, औषधिको उपलब्धता र प्रणालीगत सुधार नगरे कार्यक्रमप्रतिको नागरिक विश्वास अझ कमजोर बन्न सक्ने चेतावनी दिएका छन्।

नेपाली कांग्रेसका हालका सभापति गगन थापा स्वास्थ्यमन्त्री हुँदा उनले स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनमा ल्याएका थिए। यो कार्यक्रमले धेरै नेपाललीलाई राहत दिएको छ।

**एलआईसी पोलिसी वोन रेकर्ड हराएको सूचना**

मेरो निम्न व्यहोरा भएको एलआइसी पोलिसी वोन रेकर्ड यही मिति २०८३ बैशाख १६ गते तम्घासदेखि वामी आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा वा सम्बन्धित नम्बरमा सम्पर्क गरिदनु हुन अनुरोध गर्दछु।

**नामः** मया नेपाल
**ठेगानाः** गुल्मी, मुसिकोट नगरपालिका वडा नम्बर ८
**पोलिसी वोन रेकर्ड नम्बर :** २५०४१३२
**सम्पर्क नं. :** ९७६४६८७१५३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# लुम्बिनीका ६ जिल्लामा रास्वपा जिल्ला नेतृत्व चयन



बुटवल । लुम्बिनी प्रदेशका ६ जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयन भएका छन् ।

जस अनुसार दाङमा किरण खनाल, रोल्पामा बलराम थापा, बर्दियामा शान्ता बुढा क्षेत्री, गुल्मीमा हरिप्रसाद श्रेष्ठ र पाल्पामा विष्णुप्रसाद भण्डारी र नवलपरासीमा रवि पाण्डे सभापति चयन भएका छन् ।

रास्वपा प्रदेश उपसभापति शालिकराम घिमिरेकाअनुसार रोल्पा, पाल्पा र नवलपरासीमा सहमतिका आधारमा र अन्य जिल्लामा निर्वाचनबाट नेतृत्व चयन भएको हो ।

बाँकी ६ जिल्लाको नेतृत्व चयनको नतिजा सोमबार बिहानसम्म आइपुग्ने घिमिरेले बताए ।

रुकुम पूर्वमा भने अधिवेशन हुने नहुने अझै निश्चित नभएको प्रदेश उपसभापति घिमिरेले बताए । रुपन्देही, अर्घाखाँची र प्यूठानमा आइतबार अधिवेशन भएको छ ।

रास्वपाको जिल्लाको मूल नेतृत्वमा निर्वाचित पहिलो महिला सभापति शान्ता बुढा क्षेत्री बनेकी छन् । बर्दियामा भएको अधिवेशनबाट बुढा क्षेत्री फराकिलो मतान्तरले जिल्ला सभापति चुनिएकी हुन् । कार्यवाहक सभापतिको भूमिका रहेकी बुढा क्षेत्रीले सभापति पदमा १५८ मत प्राप्त गरेकी थिइन् । बुढा क्षेत्रीसँग सभापतिमा प्रतिस्पर्धा गरेका अर्का उम्मेदवार उदयबहादुर खत्रीले ४६ मत ल्याए । संस्थापक सभापति विपीन पौडेलको हृदयघातबाट निधन भएपछि कार्यवाहक सभापतिको भूमिकामा बुढा क्षेत्री थिइन् । संस्थापक सभापति पौडलको गत साउनमा चेन्नइबाट सिंगापुर पुगेको बेला हृदयघातबाट निधन भएको थियो ।

२६ जेठदेखि रास्वपाको प्रदेश अधिवेशन प्रारम्भ हुनेछ । राष्ट्रिय महाधिवेशन अगावै ७७ मध्ये ६७ जिल्लामा अधिवेशन सम्पन्न गर्ने रास्वपाको तयारी छ । अन्य १० जिल्लाको अधिवेशन राष्ट्रिय महाधिवशेनपछि हुनेछ । रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन आगामी ७ देखि ९ असारसम्म चितवनमा हुँदैछ ।

**विवादले महोत्तरीको अधिवेशन स्थगित**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महोत्तरी जिल्ला अधिवेशन आन्तरिक विवादका कारण अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

शनिबारबाट जलेश्वरमा जारी अधिवेशनको दोस्रो दिनसम्म पनि दुई पक्षबीच सहमति जुट्न जुन सकेन । विवाद समाधानका लागि विभिन्न चरणमा छलफल भए पनि सहमति हुन नसकेपछि अधिवेशन अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको निर्वाचन संयोजक मनिषकुमार साहले जानकारी दिएका छन् ।

उनका अनुसार जिल्लाका प्रतिनिधिहरूसँग परामर्श तथा शान्ति-सुरक्षाको अवस्थालाई ध्यानमा राख्दै अधिवेशन रोक्ने निर्णय गरिएको हो । उक्त निर्णयमा रास्वपाका केन्द्रीय सदस्य डा. नन्दन यादव, देवनारायण महतो, प्रतिनिधिसभा सदस्य प्रमोद महतो, निर्वाचन समिति सदस्य महेश पुर्वे, पूजा झाललगायत नेताहरूको सहमति रहेको बताइएको छ ।

यता धनुषा जिल्लामा पनि रास्वपाभित्रको विवाद अझै समाधान हुन सकेको छैन । जिल्ला अध्यक्ष लक्ष्मेश्वर यादवमाथि मनोमानी ढंगले पार्टी सञ्चालन गरेको आरोप लगाउँदै असन्तुष्ट समूहले शनिबार रातिदेखि पार्टी कार्यालयमा तालाबन्दी गरेको छ ।

यसअघि धनुषाका पाँच पालिकाको अधिवेशनका क्रममा पनि विवाद चर्किँदा कार्यकर्ताबिच हातहालाहालको अवस्था सिर्जना भएको थियो ।

यस्तै रास्वपा बाराका कार्यकर्ताले कलैया उपमहानगरपालिका अधिवेशनपछि गरिएको उपनिर्वाचन खारेज गर्न माग गरेका छन् । उनीहरूले अधिवेशन सम्पन्न भइसकेपछि विजयी घोषणा गरिएको नेतृत्वलाई मान्यता नदिई पुनः निर्वाचन गराउनु विधान र लोकतान्त्रिक प्रक्रियाविपरीत भएको आरोप लगाएका छन् ।

कार्यकर्ताहरूका अनुसार २०८३ साल जेठ १७ गते सम्पन्न नगर अधिवेशनमा उमाशंकर रनिया १२४ मत सहित विजयी भएका थिए । निर्वाचनपछि रनियाको शपथ ग्रहणसमेत सम्पन्न भएको अवस्थामा दुई दिनपछि सामाजिक सञ्जालको ह्वाट्सएप समूहमार्फत् पुनः उपनिर्वाचन हुने सूचना दिइएको धिराज पटेलले जानकारी दिए ।

उनले उक्त सूचना कुनै आधिकारिक पत्र, हस्ताक्षर वा पद उल्लेखबिनाको साधारण कागजमा सार्वजनिक गरिएको भन्दै आपत्ति जनाएका छन् । कार्यकर्ताहरूले '५० प्रतिशतभन्दा बढी मत नपुगेको' भन्ने आधार देखाएर पुनः निर्वाचन गराइएको दाबी गरिएको भए पनि निर्वाचनकै दिन यस्तो विषय किन नउठाइएको भन्दै प्रश्न गरेका छन् ।

पार्टीका निर्वाचन प्रतिनिधि र नेतृत्वले विधानको सही व्याख्या नगरेको, विजयी घोषणा गरी माला र अबिर लगाइसकेपछि पुनः निर्वाचन गराउनु अनुचित भएको पटेलको दाबी छ । उनले उपनिर्वाचन सीमित प्रतिनिधिबिच गराइएको र अधिकांश वडा प्रतिनिधिलाई सहभागी हुन नदिइएको आरोपसमेत लगाएका छन् ।

उनले पार्टी नेतृत्वसँग उपनिर्वाचनको आधार सार्वजनिक गर्न, पारदर्शिता कायम गर्न तथा निष्पक्षरूपमा पुनः प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

उनले रास्वपा समर्थकहरु परिवर्तनको आशामा पार्टीमा आबद्ध भएको तर पछिल्लो घटनाले निराश बनाएको बताएका छन् ।

# क्रिमसन अस्पतालका कर्मचारी, विद्यार्थी र बिरामीलाई लुम्बिनी केबलकारमा छुट




तिलोत्तमा । क्रिमसन कलेज अफ टेक्नोलोजीअन्तर्गतका कलेज र क्रिमसन अस्पतालका विद्यार्थी, कर्मचारी र विरामीलाई लुम्बिनी केबलकारको टिकटमा छुट दिने सम्झौता भएको छ ।

आइतबार अस्पताल सञ्चालक समितिका अध्यक्ष दुर्गाप्रसाद पाण्डे र लुम्बिनी केबलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूबीच छुट सम्झौता पत्रमा हस्ताक्षर गरी एक आपसमा आदान प्रदान भएको छ ।

सम्झौताअनुसार लुम्बिनी केबलकारले क्रिमसन कलेज अफ टेक्नोलोजी तथा क्रिमसन अस्पतालका सञ्चालक, कर्मचारी, विद्यार्थी र विरामीहरुलाई केबलकारले टिकट दरमा २० प्रतिशत छुट दिने भएको छ । छुट सुविधा पाउन सञ्चालक, कर्मचारी, विद्यार्थीहरुले केबलकारको टिकट काउन्टरमा अद्यावधिक भएको परिचयपत्र देखाउनुपर्नेछ । क्रिमसन अस्पताल र क्रिमसन कलेजमा गरी चार सय बढी कर्मचारी कार्यरत छन् ।

त्यस्तै क्रिमसन अस्पतालमा उपचार गराएका बिरामीहरुका हकमा अस्पतालमा न्यूनतम एक हजार रुपैयाँ खर्च गरेका बिरामीले उपचार खर्चको बिल देखाएमा केबलकारको टिकट दरमा २० प्रतिशत छुट हुनेछ । यस्तै दुई हजार खर्च भए दुई वटा टिकटमा २०-२० प्रतिशत छुट र दश हजार खर्च भएको अवस्थामा १० वटा टिकटमै २० प्रतिशतका दरले छुट हुनेछ । बिरामीले छुट सुविधा उपचार गरेको ६० दिनको अवधिभित्र केबलकारको टिकट खरिद गरेमा मात्र पाउने छन् ।

लुम्बिनी केबलकारको टिकट दर ७५० रुपैयाँ प्रतिव्यक्ति रहेको छ । यो केवलकार नेपालको दोस्रो लामो हो । सम्झौताअनुसार अस्पतालले पनि केबलकारका सञ्चालक, शेयर सदस्य, कर्मचारीलाई बेडचार्ज, ल्याब टेस्ट, अप्रेसन, एक्सरे, भिडियो एक्सरे, फिजियोथेरापी आदिमा छुट दिने छ। यसका साथै दुवै संस्थाले आफ्नो व्यवसाय प्रवर्द्धनका लागि होर्डिङ बोर्डहरु राख्न पाउने छन् ।

सम्झौता पत्र आदान प्रदान कार्यक्रममा अस्पतालका अध्यक्ष दुर्गाप्रसाद पाण्डे, प्रशासन प्रमुख कुलमणि ज्ञवाली, जनसम्पर्क अधिकृत चन्द्रकान्त बस्याल तथा केबलकारका तर्फबाट केबलकारका तर्फबाट अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूसंगै म्यानेजर प्रज्ज्वल घिमिरे, मिडिया कोर्डिनेटर टिआर शर्माको उपस्थिति रहेको थियो ।

लुम्बिनी केबलकार विश्वमै सबैभन्दा अत्याधुनिक र सुरक्षित अष्ट्रियाको डुपलमायर कम्पनीबाट निर्मित युरोपियन प्रविधिको केबलकार हो । २५ वटा गोण्डुला रहेको लुम्बिनी केबलकारले एक दिनमा ६ हजार जनालाई आवतजावत गराउन सक्छ ।

केबलकारको टप स्टेशन पाल्पाको बसन्तपुर डाँडामा छ । त्यहाँ प्रख्यात शक्तिपीठ कामाख्या मन्दिर, सय वर्ष पुरानो दुर्गा मन्दिर, जीपलाइन, स्काइ साइक्लिङ, आधुनिक पिङ, बाल उद्यान, रेष्टुरेन्ट, सेमिनार हललगायत पर्यटकीय पूर्वाधार छन् ।

प्राकृतिक हिसाबले स्वच्छ, शान्त हरियालीयुक्त र मनोरम बसन्तपुरमा गर्मीमा शीतल र जाडोमा घाम लाग्ने हुँदा जुनसुकै मौसममा पर्यटकको रोजाइको थलो बनेको छ । एक सय बेड क्षमताको क्रिमसन अस्पताल निजी क्षेत्रको लुम्बिनी प्रदेशकै सुविधासम्पन्न अस्पताल हो । यहाँको ओपीडी टिकट दर ३ सय रुपैयाँ मात्र छ । सुलभ टिकट दरका कारण यो अस्पताल बिरामीको पहिलो रोजाईको निजी अस्पतालको परिचय बनाएको छ ।

दक्ष, अनुभवी र सिनियर चिकित्सकहरुद्वारा जनरल स्वास्थ्य सेवाका अतिरिक्त क्याथ ल्याब सेवा, जनरल आइसियु, न्युरो आइसियु, न्युरो सर्जरी आइसियु, नियोनेटल आईसियु (एनआईसियु), सिसियुलगायतका सुविधा सम्पन्न उपचार कक्ष, डायलासिस सेवा, सिटीस्क्यान सेवा, अत्याधुनिक प्रयोगशाला अस्पतालमा उपलब्ध छन् । ब्रोनोस्कोपी, इन्डोस्कोपी, कोलोनोस्कोपी, अल्ट्रासाउण्ड, इको, फिजियो थेरापी, टिएमटी, हल्टर, इको, पल्मोनरी फङ्सन टेष्टलगायतका सुविधा पनि अस्पतालमा रहेका छन् ।

यस अस्पतालमा गम्भीर अवस्थाका बिरामीको उपचारका लागि ११ वटा भेन्टिलेटर बेड, ३ वटा एनेस्थेसिया मेशिन, अत्याधुनिक उपकरणयुक्त मोडुलरसहितका ३ वटा शल्यक्रिया कक्ष, ६ वटा डाललाइसिस मेशिनलगायतका उपकरणहरु रहेका छन् । अस्पतालमा दुई दर्जन उत्कृष्ठ कन्सल्टेन्ट डाक्टर र आवश्यकताअनुसार मेडिकल अधिकृतहरुसहित अनुभवी र दक्ष जनशक्ति उपलब्ध रहेका छन् ।

सकेसम्म बिरामी यहाँबाट बाहिर जाने अवस्था नआओस् भन्ने उद्देश्यका साथ गुणस्तरीय सेवा र दक्ष जनशक्तिमा जोड दिइएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष दुर्गाप्रसाद पाण्डे बताउँछन् ।

अस्पतालमा लामो अनुभव प्राप्त र दक्ष हाड जोर्नी तथा नशा रोग विशेषज्ञ, जनरल तथा ल्याप्रोस्कोपी सर्जन, युरो सर्जरी, जनरल फिजिसियन, नाक, कान तथा घाँटी रोग विशेषज्ञ, मुटुरोग विशेषज्ञ, न्युरो सर्जरी, छाला तथा यौन रोग विशेषज्ञ, रेडियोलोजिष्ट, युरो सर्जरी, स्त्री तथा प्रसुति रोग विशेषज्ञ, एनेस्थेसिया तथा सघन उपचार विशेषज्ञ, सिटिभिएस सर्जरी (मुटु, छाती तथा नशा शल्य चिकित्सा), बाल रोग विशेषज्ञ, नशा तथा मनोरोग विशेषज्ञ, मृगौला रोग विशेषज्ञ, छाती तथा फोक्सो रोग विशेषज्ञ, दन्तरोग विशेषज्ञ, प्याथोलोजिष्टलगायतका सिनियर समेत गरी ४० जना चिकित्सक कार्यरत छन् । १५० भन्दा बढी दक्ष र अनुभवी नर्सिङ्ग स्टाफहरु बिरामीहरुको सेवामा खटिएका छन् ।

अस्पतालमा नेपाल सरकारको विपन्न कार्यक्रम मृगौलाको डायलासिस, मुटुको एन्जियोप्लास्टी, एन्जियोग्राफी, पेसमेकर जस्ता सेवाहरु समेत उपलब्ध रहेका छन् ।

भारतीय दुतावाससँगको सहकार्यमा भारतीय सेनाबाट रिटायर्ड पूर्व सैनिक कर्मचारी तथा उनीहरुका आश्रित परिवारको स्वास्थ्य उपचार सेवा (ईसिएचएस) कार्यक्रम समेत यस क्रिमसन अस्पतालमा उपलब्ध रहेको छ ।

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन दक्ष जनशक्ति उत्पादन गर्नका लागि समय सापेक्ष अनुसारका कोर्षहरु अध्यापन गराउन सहयोग गरिरहेको छ ।

क्रिमसन कलेज अफ टेक्नोलोजीतर्फ स्वास्थ्यसँग सम्बन्धित फार्मेसीमा स्नातकोत्तर एम फर्मा र स्नातक बि फार्मा, बिएससी नर्सिङ्ग, ब्याचलर इन नर्सिङ्ग, बिपिएच, बिएससी एमएलटी पढाइ हुने गर्दछ ।

# न्यू होराइजनका खेलाडी र प्रशिक्षकले दिलाए प्रदेशलाई सफलता



बुटवल । राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित १६औँ केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८३ मा बुटवलस्थित न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालयका प्रशिक्षक तथा खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै लुम्बिनी प्रदेशलाई समग्रमा तेस्रो स्थान दिलाउन महत्वपूर्ण योगदान दिएका छन् ।

यही जेठ २० गतेदेखि २२ गतेसम्म सञ्चालन भएको उक्त राष्ट्रियस्तरको प्रतियोगितामा न्यू होराइजनका दुई प्रशिक्षक र सात खेलाडी सहभागी भएका थिए । उनीहरूको उत्कृष्ट प्रदर्शनका कारण लुम्बिनी प्रदेशले विभिन्न खेल विधामा उल्लेखनीय सफलता हात पारेको हो । न्यू होराइजनबाट खेलेका सात जना खेलाडीहरु मध्ये कबड्डीतर्फ आशिका पुन, क्रिस्टिना श्रेष्ठ र सन्ध्या सार्की, भलिबलतर्फ आसमान पुलामी, जगदीश ओझा र भारती बिक तथा तेक्वान्दोमा आकाश दाहाल रहेका थिए ।

प्रतियोगिताअन्तर्गत कबड्डीतर्फ छात्र र छात्रा दुवै टोलीले प्रथम स्थान हासिल गर्दै स्वर्ण पदक जित्न सफल भए भने भलिबलतर्फ दुवै टोलीले द्वितीय स्थान प्राप्त गर्दै रजत पदक हात पारे । त्यसैगरी तेक्वान्दो खेलमा पनि रजत पदक जित्दै लुम्बिनी प्रदेशको पदक तालिकामा महत्वपूर्ण योगदान पुर्‍याइएको थियो ।

लुम्बिनी प्रदेशका भलिबल प्रशिक्षक मिलन राना तथा कबड्डी प्रशिक्षक महेन्द्रबहादुर सुनार दुवै न्यू होराइजन विद्यालयका प्रशिक्षक हुन् । उनीहरूको नेतृत्व र प्रशिक्षणले प्रदेशको सफलतामा महत्वपूर्ण भूमिका खेलेको विद्यालयले जनाएको छ ।

प्रतियोगितामा न्यू होराइजनका प्रतिनिधिहरूले लुम्बिनी प्रदेशका लागि कबड्डीमा दुई स्वर्ण, भलिबलमा दुई रजत तथा तेक्वान्दोमा एक रजत पदक जिताउन सफल भएका थिए । यस उपलब्धिले विद्यालयको खेलकुद क्षेत्रमा रहेको निरन्तर लगानी, दक्ष प्रशिक्षण र खेलाडीहरूको मेहनतलाई प्रमाणित गरेको छ ।

न्यू होराइजन विद्यालयले राष्ट्रियस्तरमा हासिल गरेको यो सफलता विद्यालय, अभिभावक, शिक्षक तथा समग्र रुपन्देही जिल्लाकै लागि गौरवको विषय बनेको विद्यालयका प्राचार्य बासुदेव अर्याललले बताए । विद्यालय प्रशासनले आगामी दिनमा पनि खेलकुद प्रतिभाको विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनमा थप सक्रिय रहने प्राचार्य अर्याललले प्रतिबद्धता व्यक्त गरेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## लुम्बिनी केबलकार लिमिटेडको दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०२/२५

लुम्बिनी केबलकार लिमिटेडलाई आ.व. ०८३/०८४ को लागि आवश्यक पर्ने तपशिल बमोजिमको सामाग्रीहरुको सप्लाई गर्ने सप्लायर्स फर्म/कम्पनीबाट खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक सप्लार्यसलाई उल्लेखित सामाग्रीको दर, परिमाण, गुणस्तर, डेलिभरीको समय र भुक्तानीको अवधि समेत समावेश गरी सप्यायर्स फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि दर्ता प्रमाणपत्र र आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि यो दरभाउ पत्र आव्हान गरिएको छ ।

**Description of Item**

- Grocery / General store including packed food Item
- Frozen Item • Dairy product • Ice Cream Items
- Poultry, meat and fishery product • Vegetable and fruits Items
- Stationery Item • Bakery Item • Chemical /Cleaning material
- Diesel &Petrol • Lubricant Item • LP Gas
- Scrap materials • Electrical Items • Construction materials
- Pooja Samagri • Bottle water and water Jar Items
- Beverage/ Alcohol (Imported and Domestic) both Items
- Printing • Staff Uniform • General Repair & maintenance
- Computer and Laptop IT repair and maintenance • Vehicle Maintenance
- Security Service (Ex -Army, Ex- Police) • Cleaning Service

कोटेशन आईपुग्नुपर्ने अन्तिम मिति : २०८३/०३/१५

**नोट : कोटेशन स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहने छ। छनोट भएका सप्लायर्सको करार अवधि एक वर्षको हुनेछ।**

**लुम्बिनी केबलकार लिमिटेड**
बुटवल -३ गोलपार्क केबलकार चोक रुपन्देही
फोन नं. ०७१५९७००४,९८४४७०९१९४
इमेल : lumbini.cablecar@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com